# नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड, २०८०

**मन्त्रालयबाट स्वीकृत मितिः २०८०।०६।१४**

**प्रस्तावनाः** औद्योगिक क्षेत्रमा नवीन सोंच र प्रविधिको प्रयोग गर्दै आविष्कार र नवप्रवर्तनका माध्यमबाट नेपालको औद्योगिक विकासमा उल्लेखनीय योगदान पु-याएका उद्यमीलाई पुरस्कृत गर्ने कार्यलाई अनुमानयोग्य, पारदर्शी, वस्तुपरक एवं मानकमा आधारित बनाउन वाञ्छनीय भएकोले,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त, नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "उद्यमी" भन्नाले नवप्रवर्तनकारी कार्य वा उद्यमशील क्षमताको उपयोग गरी व्यावसायिक रुपमा वस्तु तथा सेवाको उत्पादन तथा बिक्रि वितरण गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ।

(ख) "पुरस्कार" भन्नाले नवप्रवर्तनकारी उद्यमीलाई प्रोत्साहन गर्न मन्त्रालयले प्रदान गर्ने पुरस्कार वा सम्मान वा कदरपत्र सम्झनुपर्छ।

(ग) "नवप्रवर्तन" भन्नाले सूचना प्रविधि, कृषि, उर्जा, प्रविधि विकास, रोजगारी सृजना तथा उपकरणजन्य आविष्कार गर्ने जस्ता नवप्रवर्तननीय सोंच, ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनै वस्तु तथा सेवाको आविष्कार सम्झनुपर्छ।

(घ) "नवप्रवर्तनीय कार्य" भन्नाले नविन प्रविधिको माध्यमबाट सीमित स्रोतको महत्तम उपयोग गरी कम समय र लागतमा उच्च परिमाण र गुणस्तरको आविष्कार तथा प्रणालीको विकास गर्ने स्वःउद्यमजन्य कार्य सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनुपर्छ।

(च) "समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्छ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

३. **प्रस्ताव आह्वान गर्ने:** (१) मन्त्रालयले नवप्रवर्तनकारी कार्यमा संलग्न उद्यमीलाई पुरस्कार प्रदान गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा देहायका कुरा खुलाई कम्तीमा तीस दिनको समय दिई अनुसूचि-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नुपर्नेछः-

(क) प्रस्ताव सम्बन्धी कागजात उपलब्ध हुने निकाय र सम्पर्क अधिकारी,

(ख) प्रस्तावमा समावेश हुनुपर्ने कागजात, पेश गर्ने तरिका,

(ग) प्रस्ताव पेश गर्ने अन्तिम मिति, समय र स्थान,

(घ) प्रस्ताव खोल्ने मिति, समय र स्थान,

(ङ) प्रस्ताव मूल्याङ्कनका आधार,

(च) अन्य आवश्यक कुरा ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयले आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

४. **प्रस्ताव पेश गर्ने:** (१) यस मापदण्ड बमोजिमको पुरस्कारका लागि इच्छुक नवप्रवर्तनकारी उद्यमीले देहायका कागजात संलग्न गरी अनुसूचि-३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछः-

(क) प्रस्ताव पेश गर्ने व्यक्ति, कम्पनी वा संस्थाको विवरण,

(ख) उद्यम दर्ता र नवीकरण सम्बन्धी कागजात र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्यम वा व्यवसायमा संलग्न प्राविधिक, विषय विज्ञ र अन्य जनशक्तिको विवरण,

(घ) उद्यम वा व्यवसायको विस्तृत डिजाइन भए सोको संक्षिप्त विवरण,

(ङ) उद्यम वा व्यवसायमा गरेको वित्तीय स्रोत वा लगानीको विवरण,

(च) उद्योग संचालन, व्यवस्थापन तथा बजारीकरण सम्बन्धी नवीनतम रणनीति,

(छ) व्यवसायिक कार्ययोजना सम्बन्धी विवरण,

(ज) कुनै बैंक वा वित्तीय संस्था वा सरकारी निकायबाट कालोसूचीमा नपरेको स्वघोषणा,

(झ) पेटेन्ट, ट्रेडमार्क र डिजाईन दर्ता प्रमाणपत्रको प्रतिलिपि (पेटेन्टको हकमा आवेदन दर्ताको निस्सा),



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ञ) उद्योगको उत्पादन प्रक्रिया मूल्य वा नवीनतम सिर्जना सम्बन्धी विवरण,

(ट) उद्यम वा व्यवसाय सम्बन्धी भावी कार्ययोजना।

(२) उपदफा (१) बमोजिम पेश हुन आएका प्रस्ताव मन्त्रालयले अलग्गै दर्ता गरी सुरक्षित राख्नुपर्नेछ।

५. **प्रस्ताव पेश गर्ने तरिकाः** (१) दफा ४ बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावदाता वा निजको प्रतिनिधिले रीतपूर्वक सहीछाप एवं शिलबन्दी गरी प्रस्तावदाता आफैंले वा आफ्नो प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत मन्त्रालयमा प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय भित्रै पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

६. **समितिः** दफा ४ बमोजिम मन्त्रालयमा पेश हुन आएका प्रस्तावको मूल्याङ्कन गरी राय सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः-

(क) औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा प्रमुख, मन्त्रालय - संयोजक

(ख) उपसचिव, औद्योगिक पूर्वाधार शाखा, मन्त्रालय - सदस्य

(ग) उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(घ) उपसचिव, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(ङ) प्राविधिक प्रतिनिधि (रा. प. द्वितीय श्रेणी), मन्त्रालय - सदस्य

(च) निर्देशक (प्राविधिक), उद्योग विभाग - सदस्य

(छ) शाखा अधिकृत/प्राविधिक अधिकृत,औद्योगिक पूर्वाधार शाखा, मन्त्रालय -सदस्य-सचिव

७. **प्रस्ताव मूल्याङ्कन प्रकृयाः** (१) दफा ५ बमोजिम मन्त्रालय समक्ष प्राप्त प्रस्तावको मूल्याङ्कन दफा ६ बमोजिमको समितिले गर्नेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा अनुसूची-१ मा उल्लिखित मापदण्डको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ।

तर, यस अघि सम्मान प्राप्त गरेका उद्यमीलाई मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन।

(३) उपदफा (२) बमोजिम प्रस्तावको मूल्याङ्कन गरी समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने बढीमा तीन वटा प्रस्ताव छनौटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा उद्यमीलाई आवश्यकता बमोजिम व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण गराउन सक्नेछ।

(५) समितिले आवश्यकता अनुसार आफ्नो बैठकमा सम्बन्धित क्षेत्रका विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्नसक्नेछ।

(६) समितिले प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न तथा प्रस्तावकबाट थप विवरण माग गर्न वा लिखित रुपमा स्पष्ट पार्न लगाउन सक्नेछ।

(७) समितिले प्रस्ताव मूल्याङ्कन सम्बन्धी छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(८) समितिका सदस्य एवम् आमन्त्रित सदस्यले नियम अनुसार बैठक भत्ता प्राप्त गर्नेछ।

८. **प्रस्तावको छनौटः** (१) दफा ७ बमोजिम समितिबाट भएको सिफारिसको आधारमा मन्त्रालयले पुरस्कृत हुने उद्यमीको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको निर्णयको जानकारी मन्त्रालयले आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ ।

९. **पुरस्कार प्रदान गर्नेः** दफा ८ बमोजिम पुरस्कारको लागि छनौट भएका प्रत्येक उद्यमीलाई मन्त्रालयले कदरपत्र सहित नगद पुरस्कार प्रदान गर्नेछ।

१०. **विवाद निरुपणः** यस मापदण्ड बमोजिम पुरस्कार प्रदान गर्दा कुनै विवाद उत्पन्न भएमा सोको निरूपण मन्त्रालयले गर्नेछ।

११. **मापदण्ड अनुसार हुनेः** यस मापदण्डमा उल्लेख भएको विषयमा यसै मापदण्ड बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची– १

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | अंकभार |
|---|---|---|
| (क) | नेपालभित्रै मूल्य सिर्जना वा नवीनता हासिल गरिएको | १० |
| (ख) | उद्यमको विकास तथा स्तरोन्नतिको लागि अनुसन्धान तथा खोजमुलक कार्यमा गरेको लगानीको अवस्था | १५ |
| (ग) | उद्यम वा उद्योगमा प्राविधिक र विषय विज्ञको संलग्नता | १० |
| (घ) | उद्योगको क्षमता बृद्धिको सम्भावना सहितको भावी कार्ययोजना | १० |
| (ङ) | वस्तु, उत्पादन प्रकृया, सेवा प्रदान | १५ |
| (च) | उद्योग संचालन र व्यवस्थापन, बजारीकरणको नविनतम रणनीति प्रयोग गरेको | १५ |
| (छ) | औद्योगिक व्यवासाय ऐन, २०७६ को अनुसूची-१० अनुसार उद्योग स्थापना गरको क्षेत्रको वर्गीकरण (अति-अविकसित, अविकसित, कम विकसित) | ५ |
| (ज) | उद्यम वा उद्योगमा संलग्न रोजगारी संख्या | ५ |
| (झ) | पेटेन्ट, ट्रेडमार्क, डिजाईन दर्ता गरेको | १० |
| (ञ) | गत आ.व. मा कारोबार गरेको रकम | ३ |
| (ट) | गत आ.व. मा कर तिरेको रकम | २ |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची– २

## सूचना

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्न प्रस्ताव आव्हान गर्ने सम्बन्धी सूचना

आर्थिक वर्ष …………को वार्षिक कार्यक्रम अनुसार सूचना, प्रविधि, कृषि, उर्जा, प्रविधि विकास, रोजगारी सिर्जना, उपकरणजन्य आविष्कार लगायतका क्षेत्रमा नवप्रवर्तनकारी ज्ञान, सीप र क्षमताको प्रयोग गरी ख्याती आर्जन गरेका उद्यमीलाई प्रोत्साहित गर्न पुरस्कृत गर्ने कार्यक्रम रहेको हुँदा योग्यता पुगेका ईच्छुक उद्यमीले सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र देहायको मिति, समय र स्थानमा आफ्नो प्रस्ताव पेश गर्नुहुन नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड, २०८० बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची-३**

**प्रस्तावको ढाँचा**

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

श्री उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय,

सिंहदरबार,काठमाडौं ।

**विषयः नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्ने सम्बन्धमा प्रस्ताव पेश गरिएको बारे ।**

प्रस्तुत विषयमा नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्ने सम्बन्धमा मिति............मा प्रकाशित प्रस्ताव आह्वानको सूचना बमोजिम देहायका विवरण तथा कागजातहरु संलग्न गरी प्रस्ताव पेश गरेको छु/छौं ।

(क)संस्थाको विवरण

संस्थाको नामः

रजिष्टर्ड ठेगानाः

कार्यालय भए सोको ठेगानाः

सम्पर्क फोन नः

इमेल ठेगानाः

उद्योग रहेको स्थलः

वित्तीय स्रोत तथा लगानीः

प्रमुख उत्पादन वा सेवा (वार्षिक क्षमता समेत):

संस्थाको संक्षिप्त परिचयः

(ख)संस्थामा संलग्न प्राविधिक, विषय विज्ञ र अन्य जनशक्तिको विवरणः

(ग) वस्तु, उत्पादन प्रकृया, सेवा प्रदानमा अपनाईएका नवीनतम रणनीतिको विवरणः

(घ) उद्योग संचालन, व्यवस्थापन तथा बजारीकरणमा अपनाईएका नवीनतम रणनीतिको विवरणः

(ङ) उद्यमको विकास तथा स्तरोन्नतिको लागि अनुसन्धान र विकास तथा नवप्रवर्तनमा गरेको लगानीको विवरणः

(च) नेपालभित्रै मूल्य सिर्जना वा नवीनता हासिल गरिएको भएमाः

(उत्पादन प्रक्रिया वा विधिमा मूल्य सिर्जना वा नवीनता सम्बन्धी विवरण)

(छ)उद्योगको क्षमता बृद्धिको सम्भावना सहितको भावी कार्ययोजनाः

प्रस्तावक उद्यमी वा प्रतिनिधिको नाम र हस्ताक्षरः..............................

संस्थाको नाम र छापः.................................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं